# गोकर्णेश्वर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जोरपाटी, काठमाडौं
प्रदेश नं. ३, नेपाल

फोन नं.: ०१-४९१४११४
०१-४९१४११५
इमेल: gokarneshwor2071@gmail.com
टोल फ्रि नं.: १६६००१३७८८८


पत्र संख्याः
चलानी नं.

मितिः २०७७/०५/१२

# सूचना ! सूचना !! सूचना !!!

गोकर्णेश्वर नगरपालिकाले कोरोना भाइरस (COVID-19) को जोखिम न्यूनीकरणका लागि हाल सम्म गरेका कार्यहरुः

१. नगरप्रमुखको संयोजकत्वमा नगर विपद व्यवस्थापन समिति गठन गरी उपयुक्त कार्य हुदै आएको।

२. नगरपालिका भित्रका प्रत्येक वडामा वडाध्यक्षको संयोजकत्वमा वडा विपद व्यवस्थापन समिति गठन गरी सोही अनुसार कार्य भइरहेको ।

३. १३ जना विशेषज्ञ डाक्टर सहितको **Rapid Response Team** गठन भई निरन्तर काम भइरहेको ।

४. प्रत्येक वडामा तालिम प्राप्त स्वयंसेवक टिम गठन गरी आवश्यकता अनुसार परिचालन भइरहेको ।

५. यस नगरपालिका अन्तर्गतका सहयोगी मा. बि र ओखिनी मा. बि. मा Quarantine बनाई बिदेशबाट आएका व्यक्तिहरुलाई १४ दिन सम्म राखी उपयुक्त व्यवस्थापन गरिएको।

६. कोरोना भाइरसको संक्रमण न्यूनीकरण गर्नका लागि संक्रमित व्यक्तिहरुको सम्पर्कमा रहेका व्यक्तिहरुको Contact Tracing गरी यस नगरपालिकाभित्र रहेका गोकर्ण प्राथमिक अस्पताल, नेपाल मेडिकल कलेज र शंकरापुर अस्पतालबाट PCR Test गरिदै आएको र हाल गोकर्ण प्राथमिक अस्पतालमा प्रत्येक आइतबार आवश्यकता अनुसार PCR Test गरिदै आएको ।

७. नगरपालिकाभित्रका जनतालाई चौबिसै घण्टा निःशुल्क सेवा पुर्याउन एम्बुलेन्सको व्यवस्था गरिएको ।

८. स्वास्थ्य शाखा प्रमूखको संयोजकत्वमा वडाध्यक्षहरु, नेपाली सेना र नेपाल प्रहरीको प्रतिनिधि सहितको Quick Response Team गठन गरी निरन्तर रुपमा काम भइरहेको ।

९. संक्रमित व्यक्तिहरुको उपचार तथा आम स्वास्थ्य सुरक्षाका लागि नेपाल मेडिकल कलेजमा १०० बेडको आइसोलेशन कक्ष तयारी अवस्थामा रहेको । यसैगरी गोकर्णेश्वर नगरपालिका वडा नं ४ स्थित सहिद पार्कमा रहेको भवनमा यस नगरपालिका र लायन्स क्लब अफ काठमाडौंको संयुक्त पहलमा सुबिधा सम्पन्न ७५ बेडको आइसोलेशन कक्ष संचालनको लागि अन्तिम चरणमा रहेको ।

१०. कोरोना भाइरस (कोभिड -१९) संक्रमण रोकथाम, उपचार तथा व्यवस्थापन मार्गदर्शन - २०७६ तयार गरी लागू गरिएको ।

११. नगरपालिका क्षेत्रभित्रका तथा छिमेकी अस्पतालहरुसँग समन्वय गरी संक्रमणको जोखिम न्यूनीकरण गर्न उपयुक्त पहल गरिएको ।

**नगरपालिकाको विशेष अनुरोधः**

१. कोरोना भाइरसको संक्रमणको यस अवस्थामा आम नगरवासीहरु आ-आफ्नो घर भित्र सुरक्षित रुपमा बस्नु हुन गोकर्णेश्वर नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

२. यस नगरपालिकावाट प्रत्येक आइतबार PCR Test हुने भएकोले संक्रमणको शंका भएका तथा आवश्यक देखिएका व्यक्तिहरुले नगरपालिकाको कार्यालयमा सम्पर्क गरी लाभ लिनु हुन अनुरोध छ ।

३. यस विषम परिस्थितिमा नगरवासीको स्वास्थ्य सुरक्षाका लागि नगरपालिका संबेदनशील भइरहेको हुँदा सबै नगरवासीहरुको साथ र सहयोगका लागि हार्दिक अनुरोध छ ।

राम प्रसाद आचार्य

**प्रमुख प्रशासकीय अधिकृत**

**"घरमै बसौं सुरक्षित रहौं, अरुको सुरक्षित रहन पाउने अधिकारको सम्मान गरौं"**